# पुरुष खतना

## Male Circumcision

A circumcision is the removal of the piece of skin, called the foreskin, from around the end of the penis, called the glans. This is an elective procedure or surgery, which means you decide if you want to have it done.

If you decide to have a circumcision for your son, it is done in the hospital nursery by your baby's doctor before your baby goes home.

खतना भनेको लिङगको अग्रभागको छाला, जसलाई लिङ्गको टुप्पो ढाक्ने छालाको पत्र भनिन्छ, त्यसलाई लिङ्गको टुप्पोबाट काटेर निकाल्नु हो। यो एक शल्यक्रिया हो जो पछि पनि गर्न सकिन्छ, भन्नको तात्पर्य, यसलाई तपाईं गर्न चाहनुहुन्छ वा हुँदैन, त्यसको निर्णय तपाईंले लिन सक्नुहुन्छ।

यदि तपाईंले आफ्नो पुत्रको खतना गर्ने निर्णय लिनुभयो भने, यो प्रक्रियालाई तपाईंको शिशु घर जानभन्दा पहिले तपाईंको शिशुको डक्टरद्वारा हस्पिटल नर्सरीमा गरिनेछ।

## How Circumcision is Done

The procedure takes about 15 minutes. The doctor uses a numbing medicine, so the baby feels little pain.

A metal clamp is used around the penis and a piece of it, called the bell, is slipped under the foreskin to protect the end of the penis. The skin is cut around the bell and removed, so the end of the penis can be seen.

The penis may be wrapped in Vaseline gauze. If needed, special gauze or stitches are used for bleeding.




## खतना प्रक्रिया कसरी गरिन्छ

यो प्रक्रियाको लागि लगभग 15 मिनट लाग्छ। डक्टरले लट्ठ्याउने औषधिको उपयोग गर्छन्, जसमा शिशुलाई अति नै कम्ती पीडा होस्।

लिङ्गको वरिपरि धातुको क्ल्याम्पको प्रयोग गरिन्छ, अनि बेल कहलाइने यसको एक हिस्सालाई लिङ्गको टुप्पो ढाक्ने छाला मुनि हालिन्छ जसमा लिङ्गको टुप्पो सुरक्षित रहोस्। त्यो बेलको हाराहारीमा छालालाई काटेर निकालिन्छ, जसमा लिङ्गको टुप्पो देख्न सकियोस।

लिङ्गलाई भ्यासलिन गजद्वारा लपेट्न सकिन्छ। आवश्यक ठहरिए, रक्तस्रावको लागि विशेष गज वा सिलाइलाई उपयोगमा ल्याइन्छ।

## After the circumcision

- Your baby will be checked for bleeding for about an hour after the procedure.
- Many babies sleep for the first few hours, but try to wake him to feed.

## खतना प्रक्रिया पश्चात्

- प्रक्रिया पश्चात् लगभग एक घण्टासम्म रक्तस्राव निम्ति तपाईंको शिशुको जाँच गरिनेछ।
- धेरै शिशुहरू प्रथम केही घण्टाहरूमा सुत्छन्, तर खुवाउनको लागि उसलाई उठाउने प्रयास गर्नुहोस्।

- He may seem uncomfortable when urinating after the numbing medicine has worn off. Holding and swaddling will often soothe him.
- Swelling in the area will go away in 4 or 5 days.

- लट्ठ्याउने औषधिको असर समाप्त भएपछि उसलाई मूत्र त्याग गर्नमा असुविधा भएको देख्न सकिन्छ। शिशुलाई समात्नु अनि कपडाले बेर्नु जस्ता उपायहरूले प्रायः नै ऊ शान्त हुनेछ, उसको पीडा कम हुनेछ।
- त्यस क्षेत्रको सुजन 4 वा 5 दिनहरूमा ठीक हुनेछ।

## Care at home

- Keep your baby off of his stomach for the first few days.
- Keep the area clean and dry.
- Use warm water only when washing, with no soap. Gently pat dry.
- With each diaper change for the next 7 days or until the penis is healed:
- Wash your hands before and after.
- Do not use diaper wipes directly on the penis. The alcohol in them can sting.
- Do not try to remove the crust that forms on the wound. It is a part of healing.
- Apply Vaseline to the end of the penis until it is healed.

## घरमा स्याहार-सुसार

- प्रथम केही दिनहरूको लागि शिशुलाई घोप्टो परेर पल्टिन नदिनुहोस्।
- त्यो क्षेत्रलाई सफा अनि सुक्खा राख्नुहोस्।
- धुनुको लागि केवल मनतातो पानीको उपयोग गर्नुहोस्, साबुनको प्रयोग नगर्नुहोस्। हल्कासित थपथपाएर सुकाउनुहोस्।
- आगामी 7 दिनहरूसम्म अथवा लिङ्ग निको नभइञ्जेल डाइपर बद्लि गर्दा हरेकपल्ट निम्न कुरोहरू गर्नुहोस्:
- पहिले अनि पछि आफ्ना हातहरू धुनुहोस्।
- लिङ्गमाथि डाइपर वाइप्स (पुछ्ने)-को सोझै उपयोग नगर्नुहोस्। त्यसमा भएको एल्कोहलले पोल्न सक्छ।
- घाउमा बनिने पाप्रालाई हटाउने प्रयास नगर्नुहोस्। यो निको हुने प्रक्रियाको एक हिस्सा हो।
- निको नभइञ्जेल लिङ्गको टुप्पोमा भ्यासलिन लगाउनुहोस्।

## Call your baby's doctor if you notice:

- More than a few drops of blood on the penis or if the diaper has a spot of blood larger than an inch across.
- No wet diapers or very few within 12 hours of the circumcision.
- Signs of infection, like redness, swelling, pus draining from the area, foul odor or fever.

## निम्न कुरोहरू देख्नुभयो भने, तपाईंको शिशुको डक्टरलाई फोन गर्नुहोस्:

- लिङ्गमा केही थोपाहरूभन्दा अधिक रगत अथवा डाइपरमा एक इन्चभन्दा अधिक क्षेत्रमा रगतको धब्बा।
- खतना प्रक्रियाको 12 घण्टाहरूको अवधिमा भिजेका डाइपरहरू नहुनु वा धेरै कम्ती डाइपर भिज्नु।
- सङ्क्रमणका लक्षणहरू, जस्तै त्यो क्षेत्र रातो हुनु, सुन्निनु, त्यहाँबाट पीप निस्किनु, दुर्गन्ध आउनु वा ज्वरो आउनु।

© 2006 - March 23, 2020, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.